**यो आकाशवाणी हो ।**

**सर्वप्रथम मुख्य समाचार**

- राष्ट्रपतिलाई भारत रिजर्भ बटालियनका  महिला समूहले गर्यो  स्वागत
- उपराष्ट्रपति र प्रधानमन्त्रीले महाकवि सुब्रमण्यम भारतीलाई अर्पण  गर्नुभयो श्रद्धाञ्जली
- केन्द्रीय मन्त्री अर्जुन राम मेघवालले लोकसभामा चुनाव सुधारहरूबारे गृहमन्त्रीको भाषणको गर्नुभयो प्रशंसा
- सरकारी उपक्रमसम्बन्धी संसदीय समितिका जम्मा ११ वटा प्रतिवेदन आज लोकसभा र राज्यसभाको पोर्टलमा राखिएको छ....अनि
- वेनेजुएलाका विपक्षी नेता **मारिया कोरिना मचाडोलाई** प्रदान गरियो नोवेल शान्ति पुरस्कार ।
  **,अब समाचार विस्तारमा ।**

राष्ट्रपति

राष्ट्रपति द्रौपदी मुर्मु आज इम्फाल पुग्नुभयो। इम्फाल आगमनका क्रममा उहाँलाई भारत रिजर्भ बटालियनकी महिला टुकडीले तातो स्वागत गर्दै गार्ड अफ अनर प्रदान गऱ्यो। यस कार्यक्रममा उहाँले विभिन्न आयोजना उद्घाटन गर्नुका साथै शिलान्यास पनि गर्नहुनेछ। साँझको समयमा उहाँले राजभवन, इम्फालमा आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूसँग भेटघाट र अन्तर्क्रिया गर्नहुनेछ।भोलि राष्ट्रपति द्रौपदी मुर्मु नुपी लाल स्मृति दिवसको अवसरमा इम्फालस्थित नुपी लाल स्मारक स्थलमा पुगेर पुष्प अर्पण गर्दै १९३९ डिसेम्बर १२ मा औपनिवेशिक ब्रिटिश शासनविरुद्ध न्यायको लागि अडिएका र संघर्ष गरेका मणिपुरकी साहसी महिलालाई सम्झना गर्नुहुनेछ।

**उपराष्ट्रपति**

उपराष्ट्रपति सी.पी. राधाकृष्णन र प्रधानमन्त्री नरेन्द्र मोदीले महाकवि सुब्रमण्यम भारतीलाई उहाँको जयन्तीको अवसरमा श्रद्धाञ्जली अर्पण गर्नुभयो । सामाजिक सञ्जालको  एक पोस्टमा उपराष्ट्रपतिले महाकवि भारतीले देशभक्ति, समानता र मानवीय मर्यादाका विषयमा आफ्नो उत्साहजनक कवितामार्फत् नवीन पुस्तालाई जागृत पारेको बताउँदै  महाकविका शक्तिशाली शब्दहरू र प्रगतिशील विचारहरूले  भावी पुस्तालाई देशभक्तिको भावनाले ओतप्रोत गराइरहनेछन्  भन्नुभयो । प्रधानमन्त्री नरेन्द्र मोदीले महाकवि सुब्रमण्यमका  कविता र विचारहरू साहस र प्रेरणाको स्रोत बनेका थिए र उनका विचारहरूले असंख्य व्यक्तिहरूको मनमा अमिट छाप छोड्ने शक्ति राख्थे भन्दै प्रधानमन्त्रीले महाकवि सुब्रमण्यमको तमिल साहित्यलाई समृद्ध बनाउनका निम्ति  अतुलनीय योगदान रहेको बताउनुभयो ।

**प्रधानमन्त्री**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज राष्ट्रिय शक्तिका तीन स्तम्भहरूका रूपमा बुद्धिमत्ता, संयम र समयानुकूल कार्यान्वयनमा जोड दिनुभएको छ। सामाजिक सञ्जालमा गरिएको एक पोस्टमा उहाँले दूरदर्शनको एउटा भिडियो क्लिप साझा गर्दै संस्कृत श्लोकको माध्यमबाट यी तीनै स्तम्भहरूको उल्लेख गर्नुभएको छ।

**किरेन रिजिजू**

अल्पसंख्यक मामिलामन्त्री किरेन रिजिजूले आज नयाँ दिल्लीमा अखिल भारतीय मुस्लिम पर्सनल ल' बोर्डको प्रतिनिधिमण्डलसँग छलफल गर्नुभयो। सामाजिक सञ्जालमा गरिएको पोस्टमा श्री रिजिजूले बैठकमा उहाँहरूले "उम्मीद पोर्टल" मा वक्फ सम्पत्तिहरूको दर्तासँग सम्बन्धित विषयहरूबारे विचार-विमर्श गरेको जानकारी दिनुभयो।

**गृहमन्त्रीको सम्बोधनमा प्रतिक्रिया**

केन्द्रीय मन्त्री अर्जुन राम मेघवालले लोकसभामा चुनाव सुधारहरूबारे गृहमन्त्री अमित शाहको भाषणको प्रशंसा गर्नुभयो । श्री मेघवालले भन्नुभयो उहाँको भाषणको सार यो थियो कि जसको नागरिकता छैन, त्यो व्यक्ति देशको मतदाता पनि हुन सक्दैन । भाजपाका सांसद दिनेश शर्माले भन्नुभयो गृहमन्त्री शाहले विपक्षीलाई निर्वाचन आयोग र मतदाता सूचीको विशेष गहन पुनरावलोकन (एसआईआर) बारे भ्रामक सूचना फैलाउने कार्यको कडा जवाफ दिनुभएको छ ।

**संसद प्रतिवेदन–५२**

सरकारी उपक्रमसम्बन्धी संसदीय समितिका जम्मा ११ वटा प्रतिवेदन आज लोकसभा र राज्यसभाको पोर्टलमा राखिएको छ। सदनको पोर्टलमा प्रकाशित प्रतिवेदनमा सागरमाला वित्त निगम लिमिटेड, ग्रामीण विद्युतीकरण निगम लिमिटेड, भारतीय परमाणु ऊर्जा निगम लिमिटेड तथा पेट्रोलियम र प्राकृतिक ग्यासका काम–कारबाहीसम्बन्धी समीक्षा प्रतिवेदन सामेल छन् । तेल र प्राकृतिक ग्यास निगम, राष्ट्रिय सूचना सेवा केन्द्र, इन्डियन आयल कर्पोरेसन लिमिटेड र हिन्दुस्तान एरोनोटिक्स लिमिटेडका समीक्षा–आधारित लेखा परीक्षण प्रतिवेदनहरू पनि सभामा प्रस्तुत गरिएको छ । सञ्चार माध्यमसँगको कुराकानीमा सरकारी उपक्रमसम्बन्धी समितिका सभापति बैजयन्त जय पाण्डाले समितिले धेरै मेहनतका साथ समीक्षा प्रतिवेदन तयार पारेको बताउँदै त्यसै कारण धेरै प्रतिवेदनहरू सदनमा प्रस्तुत गरिएको उहाँले बताउनुभयो । साथै समितिले दुर्लभ भू–खनिज र परमाणु ऊर्जा लगायतका विभिन्न क्षेत्रमा पनि समीक्षा कार्य सम्पन्न गरेको उहाँले जानकारी दिनुभयो ।

**67- एसआईआर - संशोधित बयान**

निर्वाचन आयोगले छ राज्य र केन्द्रशासित प्रदेशहरूमा मतदाता सूचीको जारी विशेष गहन पुनरीक्षणको कार्यक्रममा संशोधन गरेकोछ । यसमा तमिलनाडु, गुजरात, मध्य प्रदेश, छत्तीसगढ़, अण्डमान निकोबार द्वीप समूह र उत्तर प्रदेश पनि शामेल छ। संशोधित कार्यक्रम अनुसार तमिलनाडु र गुजरातमा पुनरीक्षण कार्य चौध दिसम्बर सम्म पूरा गरिनेछ । मध्य प्रदेश, छत्तीसगढ़ र अण्डमान-निकोबार द्वीप समूहमा पुनरीक्षण कार्यको समय सीमा 18 दिसम्बर सम्म बढ़ाइएको छ । उत्तर प्रदेशमा पनि पुनरीक्षण कार्य समाप्त गर्ने तिथि 26 दिसम्बर सम्म बढ़ाइएकोछ ।

**विदेश मन्त्रालय–तथ्य परीक्षा**

सरकारले सामाजिक सञ्जालमा फैलिरहेको त्यो पत्रको खण्डन गरेको छ, जसमा परराष्ट्रमन्त्री सुब्रह्मण्यम जयशंकरले राफेल युद्धक विमानको विषयमा टिप्पणी गरेको भनिएको थियो। परराष्ट्र मन्त्रालयको तथ्य जाँच इकाइले उक्त पत्र गलत रहेको स्पष्ट पारेको छ। मन्त्रालयले नागरिकहरूलाई यस्ता अफवाहहरूमा ध्यान नदिन र केवल आधिकारिक सूचनामा मात्र विश्वास गर्न आग्रह गरेको छ ।

**राज्यसभा चुनाव**

राज्यसभामा आज चुनाव सुधारहरूका विषयमा छलफल शुरू भयो । छलफलमा भाग लिँदै भारतीय जनता पार्टीका नेता सुदांशु त्रिवेदीले भारत लोकतन्त्रको जननी भएको बताउँदै आफ्नो विचार व्यक्त गरे । उनले मोदी सरकारको कार्यकालमा राजनीतिक दलहरूले नगद रूपमा पाउने चन्दा सीमा बीस हजार रुपैयाँबाट घटाएर दुई हजार रुपैयाँ मात्र राखिएको अनि कांग्रेसको शासनकालमा चुनाव सुधारतर्फ कहिल्यै ध्यान नदिएको बताए । ईभीएमसम्बन्धी कांग्रेस पार्टीका दाबीहरूबारे प्रश्न उठाउँदै स्मरण गराए कि राजीव गान्धीको शासनकालमै ईभीएम प्रणालीको शुरुआत भएको थियो । यसअघि छलफल शुरू गरिरहेका कांग्रेसका अजय माकनले निर्वाचन आयोगमाथि प्रश्न उठाए र आरोप लगाए कि निर्वाचन आयोगले मतदान केन्द्रहरूको सीसीटीभी फुटेज सार्वजनिक गरिरहेको छैन। उनले भने कि निर्वाचन आयोगले आफ्नो विश्वसनीयता पुनः स्थापित गर्नुपर्छ । माकनले चेतावनी दिए कि विश्वसनीयतामा सानो कमीले पनि लोकतान्त्रिक संस्थाहरू कमजोर पार्न सक्छ ।

**जम्मु कश्मिर**

केन्द्रीय नवीन तथा नवीकरणीय ऊर्जा मन्त्रालयले हिजो लोकसभामा जानकारी दियो कि चालु आर्थिक वर्षमा नोभेम्बर ३० सम्म जम्मु–कश्मीरमा प्रधानमन्त्री किसान ऊर्जा सुरक्षा तथा उत्थान महासञ्चालन (पीएम–कुसुम) योजनाअन्तर्गत तीन हजार छ सय एक सौर कृषि पम्प स्थापना गरिएको छ।मन्त्रालयका अनुसार योजनाको घटक–“बी” अन्तर्गत जम्मु–कश्मीरलाई पाँच हजार स्वायत्त अफ–ग्रिड सौर पम्प स्वीकृत गरिएको थियो। यससँगै जम्मु–कश्मीर सौर–आधारित सिंचाइ सहयोगमा निरन्तर वृद्धि देखाउने शीर्ष केन्द्रशासित प्रदेशहरूमध्ये एक बनेको छ।

**इन्डिगो**

इन्डिगो एयरलाइन्सले ३, ४ र ५ डिसेम्बरमा उडान सञ्चालनमा आएको अवरोधका कारण प्रभावित भएका यात्रुहरूलाई १० हजार रुपैयाँ क्षतिपूर्ति दिने घोषणा गरेको छ। इन्डिगोले जनाएको छ कि यो क्षतिपूर्ति यात्रा भाउचरको रूपमा दिइनेछ। यसको प्रयोग आगामी १२ महिनाभित्र इन्डिगोको कुनै पनि यात्राका लागि गर्न सकिनेछ। एयरलाइन्सले भन्यो कि सरकारी दिशानिर्देशन अन्तर्गतको अनिवार्य क्षतिपूर्ति बाहेक, इन्डिगोले ती यात्रुहरूलाई पनि ५ हजारदेखि १० हजार रुपैयाँसम्म क्षतिपूर्ति उपलब्ध गराउनेछ, जसको उडान प्रस्थान समयभन्दा २४ घण्टा भित्रै रद्द भएका थिए।

**8. नोबेल शांति पुरस्कार**

वेनेजुएलाका विपक्षी नेता **मारिया कोरिना मचाडो** 11 महीनामा पहिलो पल्ट सार्वजनिक हुनुभयो। उहाँले  आज बिहान नर्वेको राजधानी **ओसलो-को** एउटा होटलमा आफ्ना समर्थकहरूलाई अभिवादान गर्नुभयो। **मचाडोलाई** वेनेजुएलाको राजधानी काराकासमा यस वर्षको शुरुवातमा एउटा विरोध प्रदर्शनमा समर्थकहरूसंग शामेल भएको केही समयमा  हिरासतमा लिइएको थियो, त्यसपछि देखि नै उहाँ सार्वजनिक रूपमा देखा पर्नुभएको थिएन।

अर्जेंटीनाका राष्ट्रपति जेवियर मिलेई, इक्वाडोरका राष्ट्रपति डैनियल नोबोआ, पनामाका राष्ट्रपति जोस राउल मुलिनो र पाराग्वे का राष्ट्रपति सैंटियागो पेना सहित केही प्रमुख लैटिन अमरीकी व्यक्तित्वहरूले उक्त समारोहमा भाग लिँदै  मचाडो प्रति समर्थन देखाउनुभयो। वेनेजुएलामा तानाशाहीहरूबाट न्यायपूर्ण र शान्तिपूर्ण परिवर्तन हासिल गर्न मचाडोले गरेको संघर्षका निम्ति उहाँलाई नोबल शान्ति पुरस्कार प्रदान गरिएको थियो।

**राज्यसभा**

राज्यसभामा  राष्ट्र गीत वंदे मातरम को **१ ५ ० औ** वर्षगांठका सम्बन्धमा  आज फेरि चर्चा भयो। गृहमन्त्री अमित शाहले  मंगलवार यस बिषयमा चर्चा प्रारम्भ गर्नुभयो। चर्चाको  समापन गर्दै  राज्यसभामा  सदनका  नेता र  केंद्रीय मंत्री जेपी नड्डाले भन्नुभयो वंदे मातरम राष्ट्रको आत्मा जागृत गर्ने  मंत्र हो र यो देशको संस्कृतिसँग जोडीनका अवसर पनि  प्रदान गर्दछ। वहाँले  राष्ट्र गीत वंदे मातरम सबै देशबाशीका  निम्ति प्रेरणाको  भावनात्मक स्रोत  हो र  देशको एकताबद्ध भएर अगाडि  बढ्ने मूल  मंत्र हो। श्री नड्डाले भन्नुभयो कि यो स्वतंत्रता संग्रामको समयमा भएका धैरै  ऐतिहासिक घटनाहरुको  साक्षी हो। वहाँले  स्वतंत्रता संग्राममा यस  राष्ट्रीय गीतले सबैमा ऊर्जाको  संचार गरेको   पनि  बताउनु भयो।

**अन्त्यमा मुख्य समाचार फेरि एक पल्ट**

- राष्ट्रपतिलाई भारत रिजर्भ बटालियनका  महिला समूहले गर्यो  स्वागत
- उपराष्ट्रपति र प्रधानमन्त्रीले महाकवि सुब्रमण्यम भारतीलाई अर्पण  गर्नुभयो श्रद्धाञ्जली
- केन्द्रीय मन्त्री अर्जुन राम मेघवालले लोकसभामा चुनाव सुधारहरूबारे गृहमन्त्रीको भाषणको गर्नुभयो प्रशंसा
- सरकारी उपक्रमसम्बन्धी संसदीय समितिका जम्मा ११ वटा प्रतिवेदन आज लोकसभा र राज्यसभाको पोर्टलमा राखिएको छ....अनि वेनेजुएलाका विपक्षी नेता **मारिया कोरिना मचाडोलाई** प्रदान गरियो नोवेल शान्ति पुरस्कार